नेपाली महावाणिज्यदूतावास
कोलकाता
CONSULATE GENERAL OF NEPAL
KOLKATA

## प्रेस विज्ञप्ति

**International Wellness Day, 2026 को अवसरमा कोलकातामा विशेष कार्यक्रम सम्पन्न ।**

कोलकातास्थित नेपाली महावाणिज्यदूतावासले आज बिहान पहिलोपटक International Wellness Day को अवसरमा एक विशेष कार्यक्रम आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको छ। बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन भएको उक्त कार्यक्रममा कूटनीतिक समुदायका सदस्यहरू, आतिथेय राष्ट्रका प्रतिनिधिहरू, नेपाली समुदाय तथा अन्य विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो। प्रत्येक वर्ष १५ अप्रिललाई International Wellness Day का रूपमा मनाउने प्रस्ताव नेपालद्वारा प्रस्तुत भई संयुक्त राष्ट्र संघको महासभाबाट १० मार्च २०२६ मा सर्वसम्मत रूपमा पारित भएको थियो।

यस अवसरमा महावाणिज्यदूत श्री झक्क प्रसाद आचार्यले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै आजको दिनमा दिवसको मनाउनुको उद्देश्य, सान्दर्भिकता तथा यस सम्बन्धमा नेपालको पहलकदमी र हामीले दैनिक गर्नुपर्ने आरोग्यता सम्बन्धी विषयमा प्रकाश पार्नुभयो।

कार्यक्रममा उपमहावाणिज्यदूत श्री गगन बहादुर बी.के.को नेतृत्वमा योग, प्राणायाम तथा ध्यान सत्र सञ्चालन गरिएको थियो ।

कार्यक्रमको औपचारिक समापनपछि सहभागीहरूबीच स्वस्थ मौलिक नेपाली स्वादसहितको खाजापान तथा आरोग्यता सम्बन्धमा अनौपचारिक अन्तरक्रिया समेत सम्पन्न भएको थियो।

नेपाली महावाणिज्यदूतावास,कोलकाता
१५ अप्रिल २०२६

1, National Library Avenue, Alipore, Kolkata-700 027, W.B., INDIA, ● Tel : 033-2456-1154 / 1224 / 1103
E-mail ID : cgnkolkata@mofa.gov.np, nepalconsulate@gmail.com ● Website : ccu.nepalconsulate.gov.np


INTERNATIONAL
WELLNESS DAY
15 APRIL, 2026
CONSULATE GENERAL OF NEPAL
KOLKATA
CONSULATE GENERAL OF NEPAL
KOLKATA


INTERNATIONAL
WELLNESS DAY


INTERNATIONAL
WELLNESS DAY
15 APRIL, 2026
CONSULATE GENERAL OF NEPAL
KOLKATA




WELLNESS DAY


WELLNESS


INTERNATIONAL
WELLNESS DAY